# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल ।

मितिः२०७८/०५/२७

## आ.व. ०७८/७९ को आन्तरीक आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना।

(दोस्रो पटक प्रकाशित मिति :- २०७८/०५/२७)

यस नगरकार्यपालिकाले लगाउन सक्ने देहायका कर, शुल्क संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति भए नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी , फर्म वा कम्पनी वा संगठीत संस्था भएमा आ.व. ०७७\७८ सम्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृध्दि कर दर्ता प्रमाण पत्र तथा गत आ.व.सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी साथै राखी रू. १०००।–(अक्षरेपी एकहजार ) मात्र (पछि फिर्ता नहुनेगरी) नगदै बुझाई दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन ( मिति २०७८/०६/१० गते ) कार्यालय समय भित्र खरिद गरी १६ औं दिन ( मिति २०७८/०६/११ गते ) को १२:०० बजे भित्र नगरपालिका को कार्यालय को राजश्व शाखा मा बुझाई सक्ने गरी सम्वन्धित सवैको जानकारी का लागि यो सूचना प्रकाशित गरिएकोछ ।

ठेक्काको विवरण :-

| ठेक्का नम्बर | ठेक्काको किसीम | कर संकलन गर्ने क्षेत्रहरु साप्ताहिक हटीया बजारहरु | न्यूनतम ठेक्का अंक रु.मा | दर भाउ पत्र दाखिला गर्न सकिने स्थान |
|---|---|---|---|---|
| आन्तरिक आयठेक्का न १/आ/ब /०७८\७९ | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल विटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ को लागि) | साप्ताहिक हटीया फिक्कल बजार | ५,४०,०००/०० पाँच लाख चालिस हजार | नगर कर्यपालिका को कार्यालय (राजश्व शाखा) |
| आन्तरिक आयठेक्का न २/आ/ब /०७८\७९ | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल विटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ को लागि) | साप्ताहिक हटीया तिनघरे बजार | १,८०,०००/०० एकलाख असि हजार | |
| आन्तरिक आयठेक्का न ३/आ/ब /०७८\७९ | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल विटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ को लागि) | साप्ताहिक हटीया कटुसे बजार | २००००/०० बीस हजार | |
| आन्तरिक आयठेक्का न ४/आ/ब /०७८\७९ | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल विटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ को लागि) | साप्ताहिक हटीया गोर्खे बजार | २००००/०० बीस हजार | |
| आन्तरिक आयठेक्का न ५/आ/ब | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल विटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ | साप्ताहिक हटीया शान्ती | २००००/००बीस हजार | |



क्रमशः।

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| ठेक्का नम्बर | ठेक्काको किसीम | कर संकलन गर्ने क्षेत्रहरु , साप्ताहिक हटीया बजारहरु | न्यूनतम ठेक्का अंक रु.मा | दर भाउ पत्र खरिद गर्न सकिने स्थान |
|---|---|---|---|---|
| /०७८\७९ | को लागि। | बजार | | |
| आन्तरिक आयठेक्का न ६/आ/व /०७८\७९ | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल बिटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ को लागि। | साप्ताहिक हटीया पशुपतिनगर बजार | १,०८,०००/०० एकलाख आठ हजार | |
| आन्तरिक आयठेक्का न ७/आ/व /०७८\७९ | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल बिटौरी कर असुली ठेक्का (आ.व. ०७८/७९ को लागि। | साप्ताहिक हटिया हर्कटे बजार | १,२०,०००/०० एक लाख बीस हजार | |

ठेक्काको विवरण

| ठेक्का नम्बर | ठेक्काको किसीम | कर संकलन गर्ने श्री अन्तु पोखरिमा लगाइने | न्यूनतम ठेक्काअंक रु.मा | दर भाउ पत्र खरिद गर्न सकिने स्थान |
|---|---|---|---|---|
| ८/आ/ब/०७८/७९ | श्री अन्तु पोखरिमा डुङ्गा | नगरपालिका | २,५०,०००/-दुईलाख | नगर कर्यपालिका को कार्यालय (राजश्व |

ठेक्काको विवरण

| | | | | |
|---|---|---|---|---|
| ९/आ.ब./०७८/७९ | विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश विन्दुमा लिइने सवारी प्रवेश शुल्क | पशुपतिनगर मानेभञ्ज्याङ छब्बिसे | २,००,०००/- दुइ लाख | नगर कर्यपालिका को कार्यालय (राजश्व शाखा) |

## शर्तहरु

१। यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औ दिन( मिति २०७८/०६/१० गते ) को कार्यालय समय भित्र व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म, कम्पनी वा संस्था भए आफ्नो फर्मको आ.व.२०७६.७७ र नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र तथा आ.व. ०७६.७७ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी साथै राखी रु.१०००।-(एक हजारदर भाउ पत्र) पछि फिर्ता नहुने गरी शुल्क बुझाई सूचनामा उल्लेखित स्थानबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२। जसको नामबाट शिलबन्दी दरभाउपत्र खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र शिलबन्दी दरभाउपत्र/बोलपत्र दाखिला गर्नु पर्नेछ । यस कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत नभएकालाई मान्यता दिइने छैन र सोको छाँयाप्रति पनि स्वीकार्य हुने छैन ।

३। शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औ दिन( मिति २०७८/०६/११ गते ) को १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराइसक्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र विक्री वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ ।

४। आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक, फिक्कल शाखा स्थित यस कार्यालयको धरौटी खाता नं २१००१००३०३०००००२ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

५। तोकिएको समयभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २.०० बजे कार्यालय प्रतिनिधि, दरभाउपत्र/बोलपत्र दाता वा निजका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सो समग्रमा दरभाउपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६। शिलबन्दी दरभाउपत्रको खाममा ठेक्का नं...........ठेक्काको नाम र दरभाउपत्र दाताको नाम, ठेगाना र छाप स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

७। शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । कुनै व्यहोरा सच्याएको भएमा सच्याएको ठाउँमा समेत दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८। कुनै शर्त राखिएको म्याद नाघी आएको वा रीत नपुगेको शिलबन्दी दरभाउपत्र उपर कारवाही हुने छैन ।



प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१५

९) शिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना पाएको वा घरबेलामा टाँस भएको वा स्थानीय स्तरको पत्रिकामा प्रकाशित भएको वा नगरपालिकाको वेबसाईटमा राखेको वा अन्य विद्युतिय माध्यमको प्रयोग गरी सूचित गरेको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न स्वीकृत दरभाउपत्र वाला कार्यालयमा उपस्थित हुनुपर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरिनेछ । कुनै कारण जनाई नजनाई शिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामासुरक्षित रहनेछ ।

१०) यस कार्यालयबाट गत विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बाँकी रहेको व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुको शिलबन्दी दरभाउपत्र स्वीकृत हुनेछैन ।

११) ठेक्का स्वीकृत भई कबोल गरिएको ठेक्काको सम्पूर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । किस्ताबन्दीमा छुटको सुविधा दिइनेछैन । यदि किस्तावन्दीमा बुझाउन चाहेमा सम्पूर्ण ठेक्का रकमको ४०% रकम ठेक्का संझौताकै बखत बुझाए पछि मात्र ठेक्का संझौता हुनेछ। बाँकी किस्ताको हकमा ३०% ले हुने ०७८ मङसिर मसान्त भित्र र बाँकी ३०% ले हुने रकम २०७८ चैत्र मसान्त भित्र यस कार्यालयमा बुझाई सक्नुपर्नेछ । तोकिएको समयमा तोकिएको किस्ता नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिनेछैन ।

१२) एकमुष्ट रकम बुझाउनेको हकमा छुट बाहेकको सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०७८ भाद्र मसान्तसम्म म्याद रहनेगरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका बैंक जमानत (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानी पूर्जी दिइनेछ ।

१३) ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइनेछैन ।

१४) ठेकेदारले ठेक्का चलन गर्दा सिलसिलेबार नम्बर सहितको ३,३ प्रति भएकों नगदी रसिद आफ्नै तर्फबाट छपाई कार्यालयमा दाखिला गरी, कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाएर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्नेछ । कार्यालयले माग गरेमा प्रयोग भएका नं. रसीदहरुको एक प्रति उपलब्ध गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।

१५) ठेक्का संचालनको सम्बन्धमा ठेकेदारले अदालत, नेपाल सरकार तथा नगरपालिकाले समय समयमा भएका आदेश, निर्देशन, नीति नियमको पालना गर्नुपर्नेछ ।

१६) ठेक्का चलान गर्दा कुनै किसिमको वाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालय बीच विवाद भएमा ऐन नियम तथा सम्झौता परिधिभित्र रही नगरकार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।

१७) ठेकेदारले दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमको दरमा मात्र कर संकलन गर्नुपर्नेछ ।

१८) ठेकेदारले नगरपालिकाबाट तोकिएको कर संकलन केन्द्रमा मात्र कर संकलन गर्नु पर्नेछ ।

१९) ठेकेदारले निर्धारित दररेट भन्दा बढी शुल्क संकलन गरेको पाइएमा सो को हुने दोब्बर रकम सम्बन्धितलाई फिर्ता गर्न लगाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

२०) ठेकेदारले ठेक्का रकम संकलन गर्ने केन्द्रमा स्वीकृत दररेटलाई होडिङ्ग बोर्डमा लेखी सर्वसाधारण सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ ।

२१) ठेकेदारको ठेक्का स्वीकृत भइसकेछि विभिन्न बन्द, हड्ताल लगायतका अन्य अवरोधको कारणले गर्दा कर असुल गर्न अप्ठ्यारो पर्न गयो भनी कुनै पनि किसिमको छुट माग्न पाइनेछैन । नगरपालिकाले कुनै किसिमको छुट, मिनाहा दिने छैन ।

२२) उपरोक्त ठेक्काहरुमा उठाइने कर, दस्तुर, शुल्क, विक्री, दररेट कर संकलन केन्द्र तथा ठेक्का सम्बन्धी विशेष शर्तहरु सहितको विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख गरिएको छ ।

२३) यस सूचनामा उल्लेख भएको कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४) फर्म वा व्यक्तिले ठेक्का स्वीकृत भएको जनाउ पत्र प्राप्त भएपछि तोकिएको म्याद भित्र कार्यालयमा सम्झौताको लागि सम्पर्कमा आउँदा व्यक्ति भएमा निजको नाममा आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पान नं. साथ उपस्थित हुन पर्नेछ ।

२५) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ । सम्पर्क न ९८४२६२३३८१

ठेक्का न १ देखि ७ सम्मको लागि

साप्ताहिक हाटबजारका लागि : बहाल विटौरी शुल्कको दर (आ.व. २०७८/७९)

(साप्ताहिक रुपमा लाग्ने हाटबजार - शान्तिबजार, समालबुङ, पशुपतिनगर, गोर्खे, कटुसे (लक्ष्मीपुर), फिक्कल, तिनघरे, हर्कटेको लागि मात्र)

| क.सं. | विवरण | दर रु. | कैफियत |
| --- | --- | --- | --- |
| १ | कपडा दोकान | | |
| क) | ठूला दोकान | ८० | |



२०७८/५/२६
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| | ख) | मझौला दोकान | ६०. | |
| | ग) | साना दोकान | ४० | |
| २ | | मसला किराना पसल | | |
| | क) | ठूला | ८० | |
| | ख) | मझौला | ६० | |
| | ग) | साना | ५० | |
| ३ | | कस्मेटिक पसल | ५० | |
| ४ | | सब्जी पसल | | |
| | क) | ठूला | ६० | |
| | ख) | मझौला | ४० | |
| | ग) | साना | ३० | |
| ५ | | इलेक्ट्रोनिक पसल | | |
| | क) | ठूला | ६० | |
| | ख) | साना | ३० | |
| ६ | | चना चटपटे पसल | ४० | |
| ७ | | चिया पसल/नास्ता पसल | | |
| | क) | ठूला | ६० | |
| | ख) | साना | २० | |
| ८ | | प्लास्टिक सामग्री खेलौना पसल | | |
| | क) | प्लास्टिक सामग्री | ५० | |
| ९ | | वधशाला | | |
| | क) | व्यवस्थित वधशाला | ३५० | |
| | ख) | अन्य वधशाला | २०० | |
| १० | | डोको, मान्द्रो, डोरी र नाम्लो पसल | | |
| | क) | ठूलो | ४० | |
| | ख) | सानो | ३० | |
| ११ | | बरफ, रियल पसल | | |
| | क | बरफ तथा रियल | ५० | |
| १२ | | फलामको औजार सामग्री पसल | | |
| | क | फलामको सामग्री | ३० | |
| १३ | | सूर्तीजन्य वस्तु पसल | | |
| | क | सूर्तीजन्य बस्तु | ८० | |
| | ख | मर्चा | ५० | |
| १४ | | गाडीमा सामान बेच्ने पसल | | |
| | क | किराना सामान | १०० | |
| | ख | माछा | १५० | |
| | ग | अन्य | १०० | |
| १५ | | जुत्ता/ चप्पल अदि पसल | | |
| | क | जुत्ता/ चप्पल | ८० | |
| १६ | | जुत्ता/ चप्पल मर्मत कार्य | | |
| | क | जुत्ता/चप्पल मर्मत (मोची) | ३० | |
| १७ | | पान पसल दर | | |
| | क | पान पसल | ३० | |
| १८ | | छाता लाइट कुकर चुल्हो आदि मर्मत कार्य | | |
| | क | छाता लाइट कुकर चुल्हो आदि | ३० | |
| १९ | | चटक देखाउने | | |

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम २०७३

प्रकाश ... ढेल
प्रमुख प्रशासकीय अधिकृत

५१५

| क.सं. | | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|---|
| | क) | चटक दस्तुर | ५० | |
| २० | | ग्रह औठी बिक्री पसल | | |
| | क | औठी पसल | ५० | |
| २१ | | पूजा सामग्री पसल | | |
| | क) | पूजा सामग्री | ३० | |
| २२ | | माटाका सामग्री पसल | | |
| | क) | माटाका सामग्री दस्तुर | ६० | |
| २३ | | भाडाँकुडाँका सामग्री पसल | | |
| | क) | भाडाँकुडाँका सामग्री | ६० | |
| २४ | | पशु/पंछी/घोडा | | |
| | क) | पशु/पंछी/घोडा प्रतिगोटा | २०/२५/१०० | |
| | ख) | बंगुर प्रतीगोटा | ४० | |
| २५ | | जडिबुटि पसल | | |
| | क) | जडिबुटि पसल | ३० | |
| २६ | | फलफुल पसल | | |
| | क) | ठूला | १०० | |
| | ख) | अन्य | ३० | |
| २७ | | मानिसले बोकेर डुलाएर बेच्ने वस्तुहरु प्रतिव्यक्ति | ३० | |
| २८ | | अन्य | ३० | |

ठेक्का न. ८ को लागि

२.डुङ्गा सयर दस्तुर श्रीअन्तु पोखरि

| क.स | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | डुङ्गा सयर प्रति चक्र | ५०/०० | |

ठेक्का न. ९ कालागि

विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश विन्दुमा लिइने सवारी प्रवेश शुल्कको दर (प्रति सवारी साधन प्रति पटक) आ. ब २०७८/७९

| क.सं. | सवारी साधनको विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | हेभी इक्विपमेन्ट (डोजर, लोडर, एक्साभेटर) | १६० | |
| २ | निजी तथा भाडाका ट्रक ट्याक्टर | ८० | |
| ३ | निजी तथा भाडाका बस, पिकअप, मिनिबस, ट्याक्सी, भ्यान आदि | ४८ | |
| ४ | निजी तथा भाडाका कार, टेम्पो | ३२ | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत